# समग्र

सीमान्तकृत मानिसहरूको सशक्तीकरणमा सामाजिक परिवार !

अंक-२८,बैशाख, २०६९


## भित्र




**समग्रको वार्षिक उत्सव....................३**





**माहिली तामाङको रहर.............४**



सम्पर्कका लागि ठेगाना:

**समग्र विकास सेवा केन्द्र,**

हस्पिटल मार्ग, चाबहिल,

पो.ब. नं. : १३२७८, काठमाडौं,

फोन नं. ४४६९६४९, इमेल:

info@samagra-nepal.org.np,

वेभसाइट: www.samagra-nepal.org


# समग्रले हामीलाई मन्त्र दियो

भट्ट हेर्दा पत्याउनै नसकिने एउटा सात समुन्द्रपारिको गोरो अनुहार, अर्को मनासोलु र बुद्ध हिमालको नजिक बसोबास गर्नेको समूहबीच भेट भयो । गहुँ गोरो रूप भएका यिनीहरूको न भाषा एक अर्काले बुझ्छन्, न त बोल्न सक्छन्, न यिनका पहिरन नै मिल्छ । कसको के लाग्दो रहेछ, मन र उद्देश्य मिलेपछि । लामो बसाइ पनि त चाहिँदो रहेनछ, भावना साटिएपछि लगभग एक घण्टाअगाडि भेट भएको डेनमार्ककी मिय रोज्डाल र अन्नपूर्ण सामाजिक परिवारका महिला सदस्यहरूबीच एक-आपसमा देखाभेट भयो । आ-आफ्ना मन फुकाएर छुट्टिने बेलामा इसारै इसाराले गाउँको जोर मादल घन्कन लाग्यो । स्थानीय भाकामा लोक गीत गुन्जिए अनि दुवै थरी सँगै छम्छम् नाच्न थाले हात हल्लाई-हल्लाई, खुट्टा घुमाई-घुमाई । वरपर बस्नेले तालीले ताल दिन थाले । नाच अरू बान्की पर्न थाल्यो, खुसीको फोहरा छुट्यो ।

समग्रले २०६८ साउनदेखि एक वर्षसम्म गरेको कामको अनुगमन गर्ने सिलसिलामा धादिङको तसर्पु र गजुरीका सामाजिक परिवारसँग भेट-घाट र अन्तरक्रिया गऱ्यो । अनि, गोरखा बजारमा रहेको समग्रको क्षेत्रीय सम्पर्क कार्यालयमा भेट-घाट सकी वार्षिक कार्य अनुगमन टोलीका अगुवा स्वतन्त्र स्रोत व्यक्ति यादव चापागाईंको तीन सदस्य टोलीमा समग्रका प्रेमराज ढुङ्गेल र डेनिडा ह्युगोका सल्लाहकार मिय रोज्डाल सदस्यको रूपमा सहभागी थिए । उनीहरूलाई साथ दिन धादिङ गोरखाको भ्रमणमा समग्रका अध्यक्ष कञ्चन लामा सँगै हुनुहुन्थ्यो । डेनिडा ह्युगोका सल्लाहकार मिय रोज्डाल धादिङका सामाजिक परिवारका प्रतिनिधिहरू त्यसमा पनि खास गरी महिलाहरूको उत्साह, जाँगर, आँट, अधिकार र कर्तव्यप्राप्तिका लागि गरेको सङ्घर्ष, कामप्रतिको विश्वास र उनीहरूले



गरेको उन्नति देखेर औधि खुसी भइन् । उनमा नेपाली ग्रामीण महिलाहरूको मिहिनेत देखेर ठूलो हौसला बढेको थियो । नेपालभरि यस्ता सामाजिक परिवार हुन जरुरी छ, भन्ने उनको ठम्याइ थियो । त्यही क्रममा केन्द्रदेखि फिल्डसम्मको कामको अनुगमन गर्ने उद्देश्यले यो टोली समग्रको क्षेत्रीय सम्पर्क कार्यालयमा भेटघाट सकी गोरखाको खोप्लाङ गाविसमा क्रियाशील सामाजिक परिवारसँग अन्तरक्रिया गर्‍यो । साथै त्यहाँ गरेको बौद्धिक तथा भौतिक विकास हेर्दै खुर्पाजुङको मिरमिरे मिलिजुली सामाजिक परिवारले १ करोड ६८ लाखमा निर्माण गरेको खानेपानी आयोजना र त्यसले गाउँको स्वास्थ्य, सरसफाइ र करेसाबारी आदिमा पुर्‍याएको योगदानको अवलोकन गर्‍यो । त्यस स्थानमा ग्रामीण समुदायको प्रयासमा सञ्चालित केन्द्रीय योजना बाधा-अड्चनबिना कृष्णबहादुर परिवारको नेतृत्वमा कार्य सम्पादन गरी घर-घरमा पानीका धारा, शौचालय देख्दा उनीहरू दङ्ग थिए । सामाजिक परिवारले खनेको नयाँ मूल बाटोमा मोटर चढेर आफूलाई माया गर्ने र सघाउने मान्छे आएको देखेर गाउँका महिला पनि औधि खुसी थिए । यसपछि खोप्लाङकै अन्नपूर्ण सामाजिक परिवारका दिदीबहिनीहरूले गरेका उन्नतिका कुरा सुनाउँदा अनुगमन टोलीका साथमा रहनुभएका समग्रका अध्यक्ष कन्चन लामा उत्साहित हुनुभयो । मियले छुट्टिने बेलामा अन्नपूर्णका दिदीबहिनीहरूसँग छमछम नाचिदिइन् । उनलाई अध्यक्ष कन्चन लामासहित समाजिक परिवारका सदस्यहरूले साथ दिएका थिए । यही हो, सच्चा प्रेमको आत्मीय सम्बन्ध । यो टोलीले २०६९ वैशाख २६-३० गतेसम्म ४ दिनमा धादिङ, गोरखा र लमजुङ गरेर २३ वटा सामाजिक परिवारका ३ सय ३९ जनासँग भेट-घाट गरेको थियो । तराई मधेसमा बन्दका कारणले जान सकेन, पहाडतिर पनि बन्दको असर परेकै थियो । धादिको तसर्पु-९ दामेचौरमा वैशाख २६ गते बिहान धादिङकौ ज्योति सापका अध्यक्ष ठूलीमाया तामाङको अध्यक्षतामा भएको अन्तरक्रिया कार्यक्रममा ६ वटा सापका प्रतिनिधिहरू सहभागी थिए ।

उनीहरूले भने, "आफ्नो हक-अधिकारका बारेमा अवलोकन भ्रमणमा जाँदा धेरै कुरा सिक्न पाइयो ।" साहिलीबल तामाङ आफू र आफू जस्तै महिलाहरू सशक्त भएको अनुभव सुनाउँदै थिइन्, साथमा गंगाराम तामाङले थपे, "गरिबी निवारण कोषको कार्यक्रम आयो, आय-आर्जनका कामका लागि आर्थिक स्रोतहरू जुट्यो ।" थाक्रेकी रैमाया चेपाङ अझ कस्सिएर आफूहरू सशक्त भएको कथा सुनाउँदै थिइन्, "हामी जङ्गलको कन्दमूल खाएर बस्नेलाई समूह के हो ?, बचत के हो ?, कहाँबाट के पाइन्छ, केही थाहा थिएन । बाहिरको मानिस देख्यौं भने डराएर भाग्थ्यौं । अहिले सापमा संगठित भएर हामीले धेरै कुरा सिक्यौं । अब हामी अरूसँग नडराई बोल्न सक्ने, आफ्ना कुरा राख्न सक्ने र गाविसलगायतका कार्यालयहरूमा गएर स्रोतमा दाबी गर्न सक्ने भएका छौं । गाविसबाट सामुदायिक भवन बनाउन रकम पनि प्राप्त गर्‍यौं ।"

*म अहिले कामको सिलसिलामा यहाँ छु र मेरा २ जना बच्चा काठमाडौंमा छन्, तिनीहरूलाई मेरो श्रिमान्‌ले हेरिरहनुभएको छ । ६० वर्षपहिला हाम्रो देश डेनमार्कमा पनि यस्तो थिएन । नेपालमा पनि महिला सशक्तीकरण भएर यो अवस्थामा पुग्न धेरै समय लाग्दैन र सम्भव छ ... ।"*

प्रेमसागर फाउन्डेसन नेपालद्वारा दामेचौरमा सञ्चालित जनभोजन कार्यक्रममा जहाँ हरेक दिन बिहान ५ सय जना बालबालिका र १ सय जाना जेष्ठ नागरिकहरूले तात्तातो स्वस्थकर खाना खान्छन् र बालबालिकाहरू स्कुल जान्छन् भने पाकाहरू पेटभरि खाएर रमाउँछन् । हो, त्यहींको खाना चाखेर गजुरीको कार्यक्रममा जाँदा बाटोमा जनभोजन कार्यक्रमले बालबालिकाहरूको पढाइमा पुर्‍याएको सहयोग, भर्ना सङ्ख्यामा भएको वृद्धि, सरसफाइ गर्ने बानी, सकारात्मक प्रभावहरू नै चर्चाका विषय बने ।

त्यस्तै, गजुरीको उज्यालो गाउँस्थित पञ्चकन्या सापमा पनि अन्तरक्रिया भयो । यसै क्रममा अरू संस्था र समग्रमा के फरक पाउनुभयो भन्ने यादव चापागाईको जिज्ञासामा मानवअधिकारका लागि दलित अधिकार तथा जातीय विभेदविरुद्धको अभियानमा सक्रिय योगदान गरेबापत हालै धादिङमा सम्मानित श्याम विशुन्केले भने, "समग्रले हामीलाई मन्त्र दियो, हामीलाई सङ्गठित हुन सिकायो । विभिन्न जानकारी तथा सूचनाहरू दिएर सशक्त बनायो । अरूले जस्तो भौतिक चीज दिएन, तर कुन चीज कहाँ पाइन्छ, कुन स्रोत कहाँबाट पाउन सकिन्छ भन्ने जानकारी दियो र त्यहाँ कसरी कुरा गर्ने, कसरी ल्याउने भन्ने तरिका सिकायो ।"

गोरखा : तपाईंहरू छोरालाई मात्रै स्कुल पठाउनुहुन्छ कि छोरीलाई पनि भनेर मिय रोज्डालले जिज्ञासा राख्दा गोरखा जिल्लाको खोप्लाङ गाविस-खुर्पाजुङमा जम्मा भएका मिरमिरे मिलिजुली सामाजिक परिवारका प्रतिनिधिहरूमध्ये उमेरले पाकी राममाया श्रेष्ठले भनिन्, "हाम्रो लागि त छोरा र छोरी बराबरी हुन् र दुवैलाई स्कुल पठाउँछौं । छोरा र छोरीमा पनि भेदभाव गर्नुहुन्छ र ? म पनि अहिले प्रौढ कक्षा पढ्दै छु । हाम्रै



सामाजिक परिवारका अध्यक्ष शारदा श्रेष्ठले हामीलाई पढाउनुहुन्छ ।"

वैशाख २८ गते बिहान लमजुङको सीमपानी गाविसको सरस्वती सदन निमाविको प्राङ्गणमा कोटकालिका सामाजिक परिवारकी अध्यक्ष पार्वती भण्डारीको अध्यक्षतामा अन्तरक्रिया कार्यक्रम भयो । उक्त कार्यक्रममा सीमपानी गाविसबाट ५, चण्डिस्थान गाविसबाट १, घनपोखरा गाविसबाट १ र भुलभुले गाविसबाट १ गरी जम्मा ८ वटा सामाजिक परिवारका सदस्यहरू, समाजसेवी, बुद्धिजीवी, शिक्षक, संघ/संस्थाका प्रमुख तथा प्रतिनिधिहरू, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरूको सहभागिता रहेको थियो । यो दिन समग्रको वार्षिक उत्सवसमेत परेकाले समग्रका विगत र वर्तमानका बारेमा पनि केही कुराहरू आदानप्रदान गर्ने क्रममा विभिन्न व्यक्तिहरूले आफ्ना भनाइ राखे । दोहोरो अन्तरक्रियापछि अन्त्यमा महिलाहरूलाई हौसला दिँदै मियले भनिन्, "तपाईंहरूले यस्तो राम्रो गर्नुभएकोमा धैरै-धेरै धन्यवाद ! म अहिले कामको सिलसिलामा यहाँ छु र मेरा २ जना बच्चा काठमाडौंमा छन्, तिनीहरूलाई मेरो श्रीमान्ले हेरिरहनुभएको छ । ५० वर्ष पहिला हाम्रो देश डेनमार्कमा पनि यस्तो थिएन । नेपालमा पनि महिला सशक्तीकरण भएर यो अवस्थामा पुग्न धैरै समय लाग्दैन र सम्भव छ ... ।"

कृषि तथा पशुसेवा केन्द्रहरू खुदी, ग्रामीण तालिम केन्द्र, जिल्ला कृषि विकास कार्यालय, जिल्ला पशुसेवा कार्यालय, जिविसमा जम्मा



भएका विभिन्न कार्यालयका प्रमुखहरूबीच छलफल भयो । लमजुङमा स्थानीय सुशासन र सामुदायिक विकास कार्यक्रम **(LGCDP)** लगायतका समग्रको विभिन्न कार्यक्रममा

> *सामाजिक विकास कार्यक्रम अधिकृत मेगेन्द्र पोखरेलले भने, "विभिन्न सूचाङ्कहरुलाई आधार मानेर नाप्दा समग्र अन्य संस्थाहरुभन्दा अगाडि नै छ ।*

कार्यरत कर्मचारीहरूसँग बेँसीसहरस्थित जिल्ला कार्यालयमा अन्तरक्रिया गर्दा के स्पष्ट देखियो भने समग्रले राज्यका स्थानीय निकायहरू तथा गाउँका मानिसहरूबीच पुलको काम गरेको र अधिकारका स्रोतहरूमा ती सीमान्तकृत मानिसहरूको पहुँच र सम्बन्ध विस्तार गर्न महत्वपूर्ण भूमिका खेलेको छ ।

समग्रसँग सहकार्य गरिरहेको लमजुङ जिविसमा स्थानीय विकास अधिकारी विष्णुदत्त गौतमको कार्यकक्षमा छलफल हुँदा समग्रको कार्य सम्पादनका बारेमा जिज्ञासा राख्दा सामाजिक विकास कार्यक्रम अधिकृत मेगेन्द्र पोखरेलले विभिन्न सूचाङ्कहरूलाई आधार मानेर नाप्दा समग्र अन्य संस्थाहरूभन्दा अगाडि नै छ भन्ने जानकारी गराउनुभयो । यो भ्रमणको सुखद पक्ष भनेको स्थानीय सामाजिक परिवारका महिला सदस्यहरूले खुलेर आफ्ना अनुभव सुनाएका थिए र भविष्यमा गर्ने कार्यको जानकारी दिए । अनुगमन मूल्याङ्कन टोली लाई जुन सामाजिक परिवारमा पुग्दा पनि अबिर, फूल र खादा दिएर स्वागत गरेका थिए ।●

## समग्र १७ वर्षमा प्रवेश

समग्र स्थापना भएको १६ वर्ष पूरा भई १७ लागेको अवसरमा वैशाख २८ गते केन्द्रीय कार्यालय चाबहिलमा अन्तरक्रिया तथा चियापान कार्यक्रमको आयोजना गरियो । अन्तरक्रियामा संस्थाका वर्तमान र पूर्व कार्यसमितिका पदाधिकारी, साधारण सदस्यहरू, कर्मचारी तथा संस्थाको शुभचिन्तकहरूको सहभागिता थियो ।

त्यसै गरी महिला जागरण सामाजिक परिवारका अध्यक्ष अनितादेवी रामको अध्यक्षतामा क्षेत्रीय कार्यालय लहानमा पनि वार्षिक उत्सव मनाइयो । उक्त समारोहमा



प्रमुख अतिथि बौद्धिक समाजका संस्थापक अध्यक्ष नमोनारायण झा, अतिथि मानवअधिकारकर्मी राजकुमार राउत, महिला अधिकारकर्मी श्यामकुमारी साह, गंगा अधिकारीलगायत विभिन्न संघ-सस्थाका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो ।

कार्यक्रको उद्देश्यबारे क्षेत्रीय संयोजक दुर्गाप्रसाद महतोले प्रकाश पार्नुभएको थियो भने महिलाअधिकारकर्मी श्यामकुमारी साहले आफ्नो शुभकामना मन्तव्य दिँदै समग्रले स्थानीय स्तरमा मानवअधिकारको क्षेत्रमा काम गर्ने संस्थाका रुपमा चिनाउन सफल भएको कुरा बताउनुभयो । स्थानीय स्तरमा सापको माध्यमबाट सदस्यहरूलाई स्थानीय स्तरमा उनीहरूको पहुँच कसरी पुग्न सक्छ भनेर समग्रले गरेको प्रयत्न सफल भएको कुरा पनि उहाँले बताउनुभयो । अर्का मानवअधिकारकर्मी राजकुमार राउतले नेपालको पुरानो संस्थामध्ये समग्र पनि एक हो । यसले पहिलेदेखि नै राम्रो काम गर्दै आएको छ । मानवअधिकारका बारेमा जनतालाई सचेत गराउने तथा आफ्नो हकअधिकार र कर्तव्यबोध गराउने कार्य गर्दै आएको छ, भन्नुभयो ।

प्रमुख अतिथि नमोनारायण झाले समग्र सामाजिक परिवारका माध्यमबाट स्थानीय स्तरमा जनतालाई सेवासुविधा पुऱ्याउन सशक्त रुपमा लागेको कुरा बताउनुभयो । त्यसै गरी क्षेत्रीय कार्यालय गोरखा तथा जिल्ला कार्यालयहरू धादिङबेँसी, बेँसीसहर, गाईघाट, राजविराज र जलेश्वरमा पनि चियापान तथा दीपावली गरी समग्रको १७औं वार्षिक दिवस मनाइयो । ●

## माहिली तामाङको रहर...... !

माहिली तामाङको घर तसर्पु वडानं ९ को पोखरीचौरमा पर्छ । उनको गाउँ पुग्न दामेचौरबाट हिँड्न सक्नेलाई एक घण्टा आधा उकालो चढ्नुपर्छ, नसक्नेलाई बढी पनि लाग्छ । यी ६१ वर्षीयाको आफ्नै पेवा थोरे भैँसीको पाडी छ । यिनी श्रमजीवी महिला सामाजिक परिवारकी सदस्य हुन् । यी ८ सन्तानकी आमाका अहिले पनि ७ जना छोराछोरी कामकाजी भएका छन् भने एउटी छोरी पहिल्यै खसिन् । नाति-नातिना १० जना छन् । मेरो बिहे त २०२१ सालतिर भएको हो उनी भन्छिन् ।

उति बेला हाम्रो गाउँमा साह्रै दुःख थियो, बाबु ! वसन्त खोलाबाट रातभरि पानी बोकेर फेरि बिहान वन जानुपर्थ्यो, सम्झिन्छिन् उनी ! हामी १८ जनाको जहान हुदाँसम्म एउटै घरमा बस्यौं त्यसपछि मात्र छुट्टिएको हो ।

पानीको दुःखले गर्दा गाउँमा कसैको बिहे हुँदा गाउँका सबै मिलेर पाँच दिनसम्म पानी बोक्नुपर्थ्यो, त्यो बेला हेरी अहिले पानी अलिक वर आएको छ तर पनि टाढै छ । समग्रले हाम्रा गाउँका दिदीबहिनीहरूको उन्नतिमा सँगसँगै बसेर धेरै कुरा सिकाइदियो । २०५२ सालमा आयआर्जन समिति बन्यो । २०६६ सालमा त्यसलाई विकास गर्दै हामी गाउँका दिदीबहिनीहरू सबै मिलेर सामाजिक परिवार बनायौं । त्यसपछि प्रत्येक महिनाको ५ गते सापको बैठक बस्छौं, आजसम्म हाम्रो महिनाको बैठक टुटफुट भएको छैन्, ३७ घर सदस्य बसेका छौं । मासिक कोष उठाउँछौं, गाउँ-घरका समस्याहरूमाथि छलफल गर्दा यो महिनाभरि के गर्ने भनेर कामको टुङ्गो पनि लगाउँछौं ।

सामाजिक परिवारको कोषबाट सापटी लिनुभएको छ त ? माहिली दिदी भन्नुहुन्छ- माहिला कोषबाट ५ हजार ल्याएँ । त्यसले बाखा पालेर त्यो पैसा फर्काएपछि फेरि अर्को संस्था गरिबी निवारण कोष हाम्रो गाउँमा



आयो, यसले समग्रसँग मिलेर गरिबलाई ऋण सापटी दिने कुरा हाम्रो महिनाको बैठकमा छलफल भयो । हाम्रा दिदीबहिनी मिलेर खानीखोलामा खाता खोले । कोषले पैसा त्यहाँ राखिदिएछ । मैले पनि २५ हजार ऋण ल्याएँ, त्यसबाट १६ हजारको यो थोरे ल्याएँ । (पाडीको गर्दनमा हातले समाउँदै) बाँकी पैसाको अदुवाको बीउ ल्याएर उता एक हलको मेलो (५ रोपनी मकै छर्नका लागि तयार) बारीमा पूरै अदुवाको बीउ लगाएको छु । मसँग लौ हर्नुस् बाखा बाँधेको ठाउँ । (बाखा समाउँदै) माऊपाठा गरेर ११ वटा छन्, उन्नत बोकामा लगेर जन्मेका यी पाठा-पाठी समाउँदै भनिन्, “पुरानो ऋण सबै तिरिहालेँ, अब त थोरे आउँदो भदौसम्ममा राँगो लगाउने विचार छ । (थोरेलाई सुमसुम्याउँदै) भरखर तीन वर्षको पुग्दै छ । थोरे राम्रोसँग ब्याए त ६०-७० हजारमा जान्छ । म त दुई वर्षमा ७० हजारको मालिक हुन्छु ।” यति धेरै पैसा के गर्नुहुन्छ त ? प्रश्न भुइँमा खस्न नपाउँदै भनिन्, “यो बुढेसकालमा आफ्नै कमाइले १ तोला सुनको गहना बनाएर लगाउने रहर छ ।” ●